आ व २०८१।०८२
बैठकः गाउँ कार्यपालिका बैठक
अध्यक्षताः गाउँपालिका अध्यक्ष सेनाङ गुरुङ

बैठक नं ०८।०८१।०८२
मितिः २०८१।१०।२५
स्थानः छा. ता. गा. पा. सभाहल
समयः विहान ८:३५ बजे

छार्का ताङसोङ गाउँ कार्यपालिकाको बैठक छार्का ताङसोङ गाउँपालिकाका अध्यक्ष श्री सेनाङ गुरुङ ज्यु को अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी निम्नानुसारको निर्णयहरु सहित सम्पन्न गरियो ।

उपस्थितिः

| दस्तखत | नाम थर | पद | ठेगाना | कार्यपालिका |
|---|---|---|---|---|
| | सेनाङ गरुङ | गा. पा. अध्यक्ष | छा. ता. गा. पा. ४ | अध्यक्ष |
| | कर्मा ढुण्डुप गुरुङ | गा. पा. उपाध्यक्ष | छा. ता. गा. पा. १ | सदस्य |
| | धावा लामा गुरुङ | वडा अध्यक्ष (प्रवक्ता) | छा. ता. गा. पा. १ | सदस्य |
| | टसि छोम्वेल गरुङ | वडा अध्यक्ष | छा. ता. गा. पा. २ | सदस्य |
| | वाङ्जु गुरुङ | वडा अध्यक्ष | छा. ता. गा. पा. ३ | सदस्य |
| | खाम्सुङ रोकाया | वडा अध्यक्ष | छा. ता. गा. पा. ४ | सदस्य |
| | सोनाम साङवो गुरुङ | वडा अध्यक्ष | छा. ता. गा. पा. ५ | सदस्य |
| | कर्मा तेन्जिन गुरुङ | वडा अध्यक्ष | छा. ता. गा. पा. ६ | सदस्य |
| | नेजिङ खाँडु गुरुङ | महिला वडा सदस्य | छा. ता. गा. पा. १ | सदस्य |
| | छोइटोल गुरुङ | महिला वडा सदस्य | छा. ता. गा. पा. ३ | सदस्य |
| | कान्छि बुढा | महिला वडा सदस्य | छा. ता. गा. पा. ४ | सदस्य |
| | धावा साङमु गुरुङ | महिला वडा सदस्य | छा. ता. गा. पा. ५ | सदस्य |
| | युरुङ धर्ति | अल्पसंख्यक सदस्य | छा. ता. गा. पा. ४ | सदस्य |
| | ठोक्याल गुरुङ भोटे | अल्पसंख्यक सदस्य | छा. ता. गा. पा. ३ | सदस्य |
| | अमरराज सेजुवाल | प्रमुख प्रशासकीय अधिकृत | | सचिव |

प्रमाणित
२०८१/१०/२९

**निर्णय नं. (१)** छार्का ताङसोङ गाउँपालिका आ.व.२०८०/०८१ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA), वित्तिय सुशासन जोखिम मूल्याङ्कन (FRA) र स्थानिय आर्थिक विकास मूल्याङ्कन (LED) को पृष्ठपोषण सहित प्राप्त नतिजा कार्यपालिकाबाट स्वीकृत गरि उक्त नतिजा सार्वजनिक गर्ने ।

**निर्णय नं. (२)** यसै गाउँपालिका ५ नं. वडा कार्यालयको च.नं. ८२ र मिति २०८१।१०।१९ को आर्थिक सहयोगको लागि प्राप्त सिफारिश पत्र बमोजिम वडा नं. ५ स्थायीवासी पेमा गुरुङको छोरी श्री छुके गुरुङ अपाङ्ग भएको र आर्थिक अवस्था पनि कमजोर भएकोले निजलाई उपचारको लागि रु ५०,०००।(अक्षेरुपी पचास हजार मात्र) आर्थिक सहायता उपलब्ध गराउने ।

**निर्णय नं. (३)** स्थानीय पूर्वाधार विकास कार्यक्रम (LISP), पूर्वाधार विकास र वातावरण संरक्षण सम्बद्ध देहायका निर्देशिका र कार्यविधिहरु स्वीकृत गर्ने ।

१) स्थानीय पूर्वाधार विकास निर्देशिका, २०८१
२) अनुगमन तथा सुपरीवेक्षण कार्यविधी, २०८१
३) गुनासो सम्बोधन तथा सुझाव व्यवस्थापन कार्यविधि,२०८१
४) स्थानीय पूर्वाधार मर्मत सम्भार कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१
५) छार्का ताङसोङ गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०८१
६) संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०८१

**निर्णय नं. (४)** स्थानीय पूर्वाधार विकास कार्यक्रम (LISP) तर्फ आ. व. २०८१/०८२ मा सह-लगानीमा कार्यान्वयन गरिने कार्यक्रम/आयोजनाहरुको लागि सह लगानी रकम ढिलो गरि प्राप्त भएको, साना तथा टुक्रे आयोजना कार्यान्वयन गर्दा प्रभावकारीता, उपलब्धी र प्रगति नदेखिने हुँदा र कार्यान्वयन गर्ने समयसीमा पनि कम भएकोले उक्त योजनाहरु तपसिल बमोजिम संशोधन गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, विकास सहायता समन्वय शाखा, सिंहदरबार काठमाण्डौंमा पठाउने । यसको लागि LISP बाट सह-लगानीको लागि प्राप्त रकम रु १६,७७७,०००।- (एक करोड सत्तसठ्ठी लाख सतहत्तर हजार) र गाउँपालिकाबाट सह-लगानी गर्नुपर्ने रकम रु १३,२२३,०००।-(अक्षरुपी एक करोड बत्तिस लाख तेईस हजार) यस गाउँपालिकाले व्यहोर्ने ।

तपशील:

१. ग्रामीण सडक सुधार र पूर्वाधार निर्माण

| सि. नं. | आयोजनाको नाम | वडा नं. | लागत अनुमान रकम | गाउँपालिकाबाट सह-लगानी | LISP बाट सह-लगानी |
|---|---|---|---|---|---|
| १ | च्यामर देखि छाङरु सम्म सडक स्तरोन्नति | २ र ३ | १,८०,००,००० | ८४,२३,००० | ९५,७७,००० |

२. विपद जोखिम न्यूनिकरण

| सि. नं. | आयोजनाको नाम | वडा नं. | लागत अनुमान रकम | गाउँपालिकाबाट सह-लगानी | LISP बाट सह-लगानी |
|---|---|---|---|---|---|
| १ | लुङवु खोला तटबन्धन सहित ट्रस ब्रिज निर्माण | ४ | १,२०,००,००० | ४८,००,००० | ७२,००,००० |

२०८१/१०/२९

(माथि उल्लेखित योजनाको लागि प्रस्तावित लागत रकम रु ३०,०००,०००/- तीन करोड मध्ये गाउँपालिकाबाट सह लगानी तर्फ ४४ प्रतिशतले हुने रकम रु १३,२२३,०००/- र LISP बाट सह लगानी तर्फ ५६ प्रतिशतले हुने रकम रु १६,७७७,०००/ रहेको छ।)

**निर्णय नं. (५)** यस गाउँपालिकाको जटिल भौगोलिक बनावट अत्यधिक चिसो, कार्यान्वयन समयसीमा पनि कम भई लाभग्राही समुदाय/उपभोक्ता समितिबाट गर्न नसकिने तथा लागत अनुमानको पचास प्रतिशत भन्दा बढि रकम सामग्री खरिद र ढुवानी कार्यमा खर्च हुने भएकोले LISP कार्यक्रम मार्फत सह लगानीबाट कार्यान्वयन गरिने आयोजनाहरु यस आर्थिक वर्षको लागि खुला प्रतिस्पर्धा मार्फत बोलपत्र आव्हान गरि निर्माण कार्य सम्पन्न गर्ने त्यसको लागि खरिद प्रक्रिया तत्कालै शुरु गर्ने।

**निर्णय नं. (६)** राष्ट्रिय योजना आयोगबाट संङ्घीय विशेष र समपूरक आयोजना तथा कार्यक्रम प्रस्तावको लागि मिति २०८१ माघ १६ गते प्रकाशित सूचना अनुसार यस गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को लागि देहाय बमोजिमका सङ्घीय विशेष र समपूरक अनुदान तर्फका आयोजनाहरु प्राथमिकीकरण निर्धारण गरि अनुदान माग गर्नको लागि प्रस्ताव पेश गर्ने।

**देहाय**

**क) सङ्घीय विशेष अनुदान तर्फः**

| क्र.सं. | आयोजनाको नाम | लागत अनुमान | प्राथमिकीकरण |
|---|---|---|---|
| १. | पिम्री खानेपानी निर्माण योजना, छार्का ताङसोङ -५, डोल्पा। | १ करोड ४१ लाख | १ |
| २. | बर्थिङ सेन्टरको लागि शैया र उपकरण तथा ७ वटै आधारभूत विद्यालयको लागि फर्निचर खरिद | रु ३० लाख | २ |

**ख) सङ्घीय समपूरक अनुदान तर्फः**

| क्र.सं. | आयोजनाको नाम | लागत अनुमान | प्राथमिकीकरण |
|---|---|---|---|
| १. | कागकोट बस्ति तटबन्धन निर्माण आयोजना, छार्का ताङसोङ -४, डोल्पा क्रमागत ३ वर्ष सम्म। | ७ करोड | १ |
| २. | छार्का देखि फोला सम्म सडक स्तरोन्नति आयोजना, छार्का ताङसोङ -१,२ र ३ डोल्पा। क्रमागत २ वर्ष सम्म। | ७ करोड | २ |
| ३. | कागकोट भेरी नदी तटबन्धन निर्माण आयोजना (अघिल्लो आ.व. क्रमागत) छार्का ताङसोङ-४, डोल्पा। | ३ करोड | ३ |

निर्णय प्रमाणित

**निर्णय नं. (७)** सङ्घीय विशेष अनुदान तर्फको आ.व. २०८०।०८१ देखि क्रमागत आयोजनाहरुको रुपमा गाउँपालिका फोहोरमैला व्यवस्थापनको लागि डम्पिङ साईट निर्माण क्रमागत रुपमा प्रस्ताव गरिएकोमा यो आर्थिक वर्षमा रकम उक्त आयोजनाको लागि बजेट विनियोजन नभएकोले उक्त आयोजना क्रमागतको रुपमा आ.व. २०८२।०८३ मा माग नगर्ने।

**निर्णय नं. (८)** भोटे समुदायले मनाउने ग्याल्पो ल्होछार यो वर्ष फाल्गुण १६ गते मनाउनको लागि गाउँपालिकाले रु १एक लाख सहयोग गर्ने।

**निर्णय नं. (९)** स्थानीय पूर्वाधार सहयोग कार्यक्रम(LISP) र यस पालिकाको लागत साझेदारीमा सञ्चालन हुने लुङ्वु खोला तटबन्धन सहित काठे पुल निर्माण आयोजना छनौंट भई लागत अनुमान समेत स्वीकृत भएर टेण्डर प्रकियामा मार्फत गर्ने निर्णय भएकोमा काठे पुल निर्माण गर्दा वनको क्षति हुने र स्थानीय पूर्वाधार सहयोग कार्यक्रम सञ्चालन कार्यविधि,२०८१ विपरित समेत भएकोले काठे पुलको सट्टा स्टिलको ट्रस ब्रिज राखी लुङ्वु खोला तटबन्धन सहित ट्रस ब्रिज निर्माण आयोजना संशोधन गरि खुला बोलपत्र मार्फत निर्माण गर्ने।

**निर्णय नं. (१०)** स्थानीय पूर्वाधार सहयोग कार्यक्रम(LISP) मा साझेदारी कोषको लागि रु १,३२,२३,०००। (अक्षेरुपी एक करोड बत्तिस लाख तेईस हजार मात्र) आवश्यक भई स्रोत सुनिश्चितता गर्नुपर्ने हुँदा LISP साझेदारी कोषमा ४०,००,०००। (चालीस लाख मात्र) भएकोले सो को लागि रु ९५,६२,७४२। (अक्षेरुपी पन्चानब्बे लाख बैसठ्ठी हजार सात सय बयालिस मात्र) गाउँ सभाको सोहौं अधिवेशनबाट समर्थन गर्ने गरि रकमान्तर गर्ने।